# समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ (प्रथम संशोधन सहित)

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं ५

बुटवल, नेपाल

*प्रदेश सरकार(म.प.)बाट स्वीकृत मितिः २०७५।०७।१८*
*प्रदेश सरकार(म.प.)बाट प्रथम संशोधन मितिः २०७६।०६।१७*

# प्रदेश नं. ५ प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५

प्रदेश सरकार र स्थानीय तहहरुबीच सहकार्य, समन्वय र सहभागिताका आधारमा आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्न, प्रदेश सरकारद्वारा स्थानीय तहहरुलाई उपलब्ध गराईने समपूरक अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाई प्रदेशको समग्र विकास तथा नागरिक हित अभिवृद्धि गर्न वाञ्छनीय भएकोले प्रदेश नं. ५, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं.५ प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम समपूरक अनुदान व्यवस्थापन कार्यविधि ,२०७५रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन"भन्नाले प्रदेश नं. ५, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "प्रदेश"भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्छ ।

(ग) "स्थानीय तह" भन्नाले प्रदेश नं. ५ भित्र पर्ने गाउँपालिका, नगरपालिका र उप महानगरपालिका सम्झनुपर्छ ।

(घ) "समपूरक अनुदान" भन्नाले प्रदेश नं. ५, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ वमोजिमको अनुदान सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, आर्थिक मामिला तथा आयोजना मन्त्रालयलाई जनाउनेछ ।

३. **<u>समपूरक अनुदान प्रदान गरिने क्षेत्र</u>** : (१) प्रदेश सरकारले स्थानीय तहवाट संचालन गरिने पूर्वाधार विकास सम्वन्धी देहायका पूर्वाधार विकास सम्वन्धी देहायका आयोजना तथा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(क) सडक सुविधावाट वञ्चित रहेका क्षेत्र वा समुदायमा सडक सुविधा पुऱ्याउनको लागि संचालन गरिने ग्रामिण तथा शहरी सडक र पदमार्ग सम्वन्धी आयोजना तथा कार्यक्रमहरु,

(ख) सिंचाई सुविधावाट वञ्चित रहेका क्षेत्र र सिंचाईको सम्भाव्यता देखिएका क्षेत्रमा सिंचाई सुविधा उपलव्ध गराई उत्पादन बृद्धिमा सहयोग पुऱ्याउने प्रदेश तथा स्थानीय स्तरमा संचालन गरिने सिंचाई सम्वन्धी विशेष आयोजना तथा कार्यक्रमहरु,

(ग) विद्युत सेवाबाट वञ्चित रहेका क्षेत्र र समुदायमा विद्युत सेवा सुविधा उपलव्ध गराउने विशेष आयोजना तथा कार्यक्रमहरु,

(घ) पूलपुलेसा तथा झोलुङ्गे पूल नभएको कारणवाट आवागमनमा कठिनाई व्यहोरिरहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुविधा पुऱ्याउनका लागि संचालन गरिने पूल तथा झोलुङ्गे पूल सम्वन्धी आयोजना तथा कार्यक्रमहरु,

(ङ) खानेपानी सुविधावाट वञ्चित रहेका क्षेत्र वा समुदायमा खानेपानी सुविधा पुऱ्याउनका लागि संचालन गरिने ग्रामिण तथा प्रादेशिक स्तरका खानेपानी आयोजना तथा कार्यक्रमहरु,

(च) मेट्रो रेल, मोनोरेल, स्काइ रेल, केवलकार र पर्यटन प्रवर्द्धनजस्ता पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका क्षेत्रहरु,

(छ) प्रदेश विश्वविद्यालय, विद्यालय भवन निर्माण तथा पर्यटकीय पूर्वाधार विकासमा टेवा पुग्ने आयोजना तथा कार्यक्रमहरु,

(ज) आधुनिक सडक, स्काईब्रिज जस्ता पूर्वाधारमा निजी क्षेत्रको लगानी प्रवर्द्धन हुने संभावना देखिएका क्षेत्रहरुका आयोजना तथा कार्यक्रमहरु,

(झ) स्थानीय स्तरमा शहरी विकास, एकिकृत वस्ति तथा आवास विकास, फोहरमैला व्यवस्थापन सम्वन्धी आयोजनाहरु,

(ञ) विपद् व्यवस्थापन, विपद प्रतिकार्य ,प्रकोप न्यूनीकरण, पुनर्निर्माण तथा पुन:स्थापना सम्वन्धी आयोजना तथा कार्यक्रम,

(ट) वैकल्पिक उर्जा विकास, जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण सम्वन्धी आयोजना तथा कार्यक्रमहरु,

(ठ) कृषि तथा पशुपंक्षी विकास र मत्यसपालनसँग सम्वन्धित आयोजना तथा कार्यक्रमहरु,

(ड) स्वास्थ्य सेवाबाट वञ्चित रहेका क्षेत्र र समुदायमा स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पताल, स्वास्थ्य चौकी निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रमहरु,

(ढ) उपरोक्त विषय तथा क्षेत्रहरु बाहेक कुनै विषयमा नविनतम प्रवर्द्धन र सिर्जनात्मक विकासको सोच अनुसार सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु,

(ण) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लिखित क्षेत्रका आयोजना तथा कार्यक्रमहरु,

४. <u>**समपूरक अनुदान प्रदान गरिने ढाँचाहरु:**</u> (१) पूर्वाधार विकास सम्वन्धी आयोजना तथा कार्यक्रमहरुमा स्थानीय तहले अनुदान माग गर्दा उपदफा (३) मा उल्लेख भएका मध्ये कुनै क्षेत्रमा माग गर्न सक्नेछन् ।

(२) सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार निजी क्षेत्र आकर्षित हुने विकास निर्माणका क्षेत्रहरुमा निजी क्षेत्र र स्थानीय तहहरुवीचको सहमतिमा आयोजना तथा कार्यक्रमको कूल लागतको केही अंश निजी क्षेत्र तथा केही अंश स्थानीय तहले व्यहोर्ने र नपुग अंश उपदफा (३) मा उल्लेखित क्षेत्रमा प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले व्यहोर्ने अंश सम्वन्धमा आयोजनाको प्रकृती, आवश्यकता, प्राथमिकता, अपेक्षित उपलब्धि, दिगोपना आदिको अधारमा कूल लागतको बढीमा पचास प्रतिशत सम्मको रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ । स्थानीय तहले आयोजनाको कूल लागत जुटाउन देहायका विभिन्न ढाँचाहरुमध्ये कुनै ढाँचा अपनाउन सक्नेछन् ।

(क) आयोजना तथा कार्यक्रमको कूल लागतको केही अंश स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने ।

(ख) आयोजना तथा कार्यक्रमको कूल लागतको केही अंश निजी क्षेत्र वा सहकारी वा वित्तीय संस्था वा व्यक्तिगत फर्म वा कम्पनी आदिबाट व्यहोर्ने गरी केही अंश सम्बन्धित स्थानीय तह आँफैंले र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने ।

(ग) आयोजना तथा कार्यक्रमको कूल लागतको केही अंश आयोजना वा कार्यक्रमबाट लाभान्वित पक्षबाट व्यहोर्ने, केही अंश सम्वन्धित स्थानीय तहवाट व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने।

(घ) आयोजना तथा कार्यक्रमको कूल लागतको केही अंश जनसहभागिताबाट व्यहोर्ने, केही अंश विभिन्न व्यक्ति, संगठित संस्था र अन्य क्षेत्रबाट प्राप्त हुन सक्ने वस्तुगत अनुदानबाट व्यहोर्ने, केही अंश सम्वन्धित स्थानीय तहवाट व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने।

(ङ) आयोजना तथा कार्यक्रमको कूल लागतको केही अंश सम्वन्धित क्षेत्रमा रहेका गैर-सरकारी संस्थावाट प्राप्त हुने रकमवाट व्यहोर्ने, केही अंश सम्वन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने।

(च) आयोजना तथा कार्यक्रमको कूल लागतको केही अंश नेपाल सरकारको स्वीकृतीमा प्राप्त वैदेशिक अनुदानबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने।

५. <u>समपूरक अनुदान प्रदान नहुने :</u> दफा ३ मा जुनसुकै कुरा लेखेको भएता पनि देहायका प्रकृतिका आयोजना तथा कार्यक्रमका लागि समपूरक अनुदान उपलव्ध गराइने छैन ।

(क) राजनीतिक दल विशेषको उद्देश्य परिपूर्ति हुने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु,

(ख) तलवभत्ता, मसलन्द लगायतका साधारण खर्च तथा कुनै पनि प्रकारको ऋण भूक्तानीका खर्चहरु,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारीक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु,

(घ) राष्टिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भभावमा खलल पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु,

(ङ) घाटा बजेट पूर्ति गर्ने आयोजना तथा कार्यक्रमहरु,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको आयोजना तथा कार्यक्रमहरु,

(छ) अन्य अनुदान तथा स्रोतवाट संचालनमा रहेका आयोजना तथा कार्यक्रममा दोहोरो पर्ने गरी माग भएका आयोजना तथा कार्यक्रमहरु,

(ज) कूल लागत रु ५० लाखभन्दा कमका आयोजना तथा कार्यक्रमहरु,

६. **<u>आयोजना तथा कार्यक्रम छनौट</u>** : (१) स्थानीय तहले समपूरक अनुदानवाट संचालन गर्ने आयोजना तथा कार्यक्रमको छनौट गर्दा उक्त आयोजना तथा कार्यक्रम ऐनको दफा १०(१) को व्यवस्था अनुसार भौतिक पूर्वाधारका क्षेत्रहरु जस्तो सडक, सिंचाइ, खानेपानी, स्वास्थ्य, पूलपुलेसा तथा झोलुङ्गे पूल लगायतका क्षेत्रसंग सम्वन्धित आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम आयोजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय तहको आफ्नै स्रोतवाट तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानीकरण, शसर्त र विशेष अनुदानवाट संचालित आयोजना तथा कार्यक्रमहरु तथा विगतमा सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुसंग दोहोरो नपर्ने गरी छनौट गर्नुपर्नेछ ।

(३) आयोजना तथा कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्यता, दिगोपना, सो वाट लाभान्वित सम्भाव्य जनसंख्या र समुदायको प्रतिशत तथा प्राप्त हुने उपलव्धिको ठोस आंकलन आदिको विश्लेषण गर्नुपर्नेछ ।

(४) आयोजना तथा कार्यक्रमको छनौट गर्दा स्थानीय तहको सम्वन्धित सभाको वहुमतले अनुमोदन गर्नु पर्नेछ ।

(५) आयोजना तथा कार्यक्रमको छनौट गर्दा सम्वन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत भौतिक पूर्वाधारको विकासमा सहयोग पुग्ने, गरिवी न्यूनीकरणमा सहयोग पुग्ने, रोजगारी सृजनामा मद्दत पुग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुने किसिमले छनौट गर्नु पर्नेछ ।

(६)[1] यसरी मन्त्रालयबाट स्वीकृत गर्नुपूर्व तपशिल बमोजिमको समितिले आयोजनाहरुको अध्ययन विश्लेषण गरी मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| (क) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| (ख) | उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (ग) | वजेट योजना तथा कार्यक्रम महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) | योजना महाशाखा प्रमुख, विषयगत मन्त्रालय | सदस्य |
| (ङ) | अनुदान व्यवस्थापन महाशाखा प्रमुख , आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य सचिव |

[1] प्रथम संशोधनद्धारा थप गरिएको ।

(७)[2] उपदफा (६) बमोजिम गठित समितिमा प्रदेश योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यलाई आमन्त्रित गर्न सकिनेछ ।

७. **माग प्रस्ताव पेश गर्नुपर्ने:** (१) स्थानीय तहले समपूरक अनुदानमा माग गरिने आयोजनाहरुको उपदफा (२) वमोजिमको मस्यौदा विवरण सहित आर्थिक वर्ष शुरु हुनु अगाडिको वैशाख मसान्तभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) स्थानीय तहले समपूरक अनुदान आवश्यक पर्ने आयोजनाहरुको विस्तृत तथा पूर्ण प्रस्ताव श्रावण मसान्तभित्र देहायका विषयहरु खुलाई मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(क) आयोजना तथा कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) आयोजना तथा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत आयोजना प्रतिवेदन(डि.पि.आर.),

(ग) आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत इस्टिमेट विवरण,

(घ) आयोजना तथा कार्यक्रमवाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(ङ) आयोजना तथा कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य मापनयोग्य प्रतिफलको विवरण,

(च) आयोजना तथा कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन,

(छ) अनुसूची-१ वमोजिम भरिएको फाराम ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि आर्थिक वर्ष २०७५/७६ को हकमा उपदफा (२) वमोजिमको विवरण सहितको विस्तृत तथा पूर्ण प्रस्ताव २०७६ पौष मसान्त भित्र पेश गर्न सकिनेछ ।

(४) उपदफा (१) वमोजिम समपूरक अनुदानमा माग गरिने आयोजना तथा कार्यक्रम मध्यकालीन खर्च संरचना (MTEF) तयार गर्दा त्यसमा समावेश गर्नुपर्नेछ ।

(५) दफा ४ मा उल्लेखित ढाँचा अनुसार आयोजनाको कूल लागत रकममध्ये स्थानीय तह र अन्य क्षेत्रवाट जुटाउनु पर्ने अंश रकम सम्वन्धित खातामा जम्मा भएको प्रमाण पेश गर्नु पर्नेछ।

---

[2] प्रथम संशोधनद्धारा थप गरिएको ।

८. **आवधिक योजनामा समावेश गर्नुपर्ने:** स्थानीय तहले समपूरक अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ ।

९. **समपूरक अनुदान प्रदान गर्ने आधारहरु :** (१) प्रदेश सरकारवाट स्थानीय तहमा प्रदान गरिने समपूरक अनुदान देहायका आधारमा प्रदान गरिने छ ।

(क) सडक सम्वन्धी आयोजना तथा कार्यक्रमहरुमा स्थानीय तहवाट प्रदेश सम्म जोड्ने वा प्रदेशवाट केन्द्रीय राजमार्ग सम्म जोडने सडक तथा गाँउ वस्तीवाट हाटवजार, क्षेत्रीय राजमार्ग र प्रदेश सदरमुकाम पुग्ने खालका ग्रामिण तथा क्षेत्रीय स्तरका सडक तथा पदमार्ग सम्वन्धी आयोजना तथा कार्यक्रमहरु,

(ख) सिंचाई सम्वन्धी आयोजना तथा कार्यक्रमहरुमा सिंचाईको सम्भाव्यता भएका तर सिंचाई सुविधा नपुगेको कारणले उत्पादन हुँन नसकी खाद्यान्न अभावको समस्या भोगेका क्षेत्रमा सिंचाई सुविधा उपलव्ध गराई उत्पादन बृद्धिमा सहयोग पुऱ्याउने प्रदेश तथा स्थानीय स्तरमा संचालन गरिने सिंचाई सम्वन्धी विशेष आयोजना तथा कार्यक्रमहरु

(ग) विद्युत सम्वन्धी आयोजना तथा कार्यक्रमहरुमा विद्युत सुविधा नपुगेको, राष्ट्रिय प्रसारण लाइनवाट टाढा रहेका क्षेत्रमा विद्युत उत्पादन गर्न कूल लागतको केही अंश निजी क्षेत्र वा स्थानीय समुदाय लगानी गर्न इच्छुक रहेका विद्युत विकास र विस्तार सम्वन्धी आयोजना तथा कार्यक्रमहरु,

(घ) पूल/पुलेसा सम्वन्धी आयोजनाहरुमा पूलपुलेसा तथा झोलुङ्गे पूल नभएको कारणवाट आवागमनमा कठिनाई व्यहोरी रहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुविधा पुऱ्याई तुइन विस्थापन गर्न सहयोग गर्ने ठूला, मझौला पूल तथा झोलुङ्गे पूल सम्वन्धी आयोजना तथा कार्यक्रमहरु,

(ङ) मोनोरेल, स्काइ रेल, केवलकार, पर्यटकीय पूर्वाधार विकास जस्ता आयोजनाहरुमा त्यस्ता पूर्वाधार विकासको क्षेत्रमा निजी क्षेत्र, सहकारी, गैर आवासीय नेपालीहरु तथा वैदेशिक लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका आयोजना तथा कार्यक्रमहरु,

(च) प्रदेश विश्वविद्यालय, विद्यालय भवन निर्माण तथा पर्यटकीय पूर्वाधार विकास सम्वन्धी आयोजनाहरुमा आफ्नै विश्वविद्यालय, विद्यालय भवन नभएका, भाडामा लिई संचालन भैरहेका तथा स्थानीय तहका व्यक्ति वा संस्थावाट त्यस्तो संस्थाको नाममा निःशुल्क जग्गा प्राप्त हुन सक्ने र कूल लागतको केहि अंश निजी क्षेत्र वा संघ संस्थावाट समेत व्यहोर्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु ।

(२) उपदफा (१) वमोजिम समपूरक अनुदान प्रदान गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्कको अवस्था, आर्थिक पछौटेपन लगायतका विषयहरुलाई समेत आधार लिइनेछ ।

१०. <u>रकम निकासा प्रक्रिया</u> : (१)[3] यस कार्यविधि बमोजिम स्थानीय तहलाई उपलब्ध गराईने समपूरक अनुदानको एक चौथाईले हुन आउने रकम प्रत्येक आर्थिक वर्षको भदौ १० गते भित्र, कार्तिक १० गते भित्र, माघ १० गते भित्र र बैशाख १० गते भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत चार किस्तामा उपलब्ध गराईनेछ । स्थानीय तहले असोज मसान्त, पौष मसान्त र चैत्र मसान्त भित्र अघिल्लो किस्ता वापत रकमको भौतिक र वित्तिय प्रगति अनुसूची-२ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।यसरी प्रगति उपलब्ध नगराएका स्थानीय तहलाई बाँकी किस्ताको रकम हस्तान्तरण गरिने छैन ।

(२)[4]................................................

(३)[5] ................................................

(४)[6]................................................

(५)[7] निकासाको निर्णयः यस दफा बमोजिमको रकम निकासा मन्त्रालयका सचिवस्तरको निर्णयबाट हुनेछ ।सोका लागि अनुसूची -३ बमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ ।

---

[3] प्रथम संशोधनद्धारा थप गरिएको ।

[4] प्रथम संशोधनद्धारा खारेज गरिएको ।

[5] प्रथम संशोधनद्धारा खारेज गरिएको ।

[6] प्रथम संशोधनद्धारा खारेज गरिएको ।

[7] प्रथम संशोधनद्धारा अनुसूची हेरफेर गरिएको ।

११. <u>अनुदान रकम खर्च गर्ने विधि/प्रक्रिया:</u> (१) स्थानीय तहले समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) समपूरक अनुदान रकम जुन आयोजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोहि आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

(ख) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान वजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ ।

(ग) समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रचलित आर्थिक कार्यविधि ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै प्रचलित अन्य कानूनी व्यवस्थाहरुको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ ।साथै, यस्तो अनुदानको रकम स्थानीय समुदाय तथा उपभोक्ताहरुबाट साझेदारी गरिएका वाहेकका आयोजना तथा कार्यक्रमहरुको हकमा उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन ।

(घ) समपूरक अनुदानवाट प्राप्त रकम अन्यत्र खर्च शीर्षकहरुमा रकमान्तर गर्न पाइने छैन ।

(ङ) समपूरक अनुदानको रकमवाट तलव भत्ता, मर्मत संभार, मसलन्द लगायतका प्रशासनिक खर्च, परामर्श सेवा आदिमा खर्च गर्न पाइने छैन ।

(च) समपूरक अनुदानवाट प्राप्त रकम आयोजना एवम् कार्यक्रम सम्पन्न गर्नु पर्ने तोकिएको समयावधि भित्र खर्च गर्नु पर्नेछ ।

(छ) समपूरक अनुदानवाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) समपूरक अनुदानबाट संचालनमा रहेका आयोजना तथा कार्यक्रमहरु लक्षित उद्देश्य अनुरुप कार्यक्रम संचालन हुन नसकेको देखिएमा प्रदेश सरकारले त्यस्ता अनुदान वापत उपलव्ध गराएको रकम आगामी आर्थिक बर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न सकिनेछ ।

(३) चालू आ.व.मा कुनै कारणवश निकासा भएको अनुदान रकम खर्च हुन नसकेमा सो रकम आषाढ मसान्तभित्रमा प्रदेश सरकारको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

१२. <u>आयोजनाको कार्य तोकिएको समयाविधि भित्र सम्पन्न गर्नु पर्ने:</u> समपूरक अनुदानवाट संचालनमा रहेका आयोजना वा कार्यक्रमहरु तोकिएको समयावधि भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

१३. **आयोजनाको संचालन र कार्यान्वयन:** (१) आयोजना तथा कार्यक्रम संचालन गर्दा सोको पारदर्शीताका साथै प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ ।

(२) आयोजना तथा कार्यक्रमको ठेक्का प्रक्रिया पारदर्शी र अधिकतम प्रतिस्पर्धात्मक बनाउन सम्भव भएसम्म ई-विडिङ प्रणाली अवलम्वन गर्नुपर्नेछ र विल भूक्तानीमा बैङ्किङ प्रणालीको प्रयोग अनिवार्य गर्नुपर्नेछ ।

(३) आयोजना तथा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ ।सोको लागि नागरिक समाज एवम् लाभान्वित वर्ग र समुदायवाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ ।

(४) आयोजना तथा कार्यक्रम संचालनको क्रममा कामको गुणस्तर कायम गर्न ध्यान दिनुपर्नेछ ।आयोजनाको गुणस्तरका सम्वन्धमा मन्त्रालयले छानविन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।सोको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तब्य हुनेछ ।

(५)[8] प्रचलित कानून बमोजिम आयोजना तथा कार्यक्रमको भेरिएसन भई लागत बढ्न गएमा बढेको रकमको दायित्व स्थानीय तहले व्यहोर्नु पर्नेछ ।

१४. **अनुगमन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था :** (१) समपूरक अनुदानवाट संचालन हुने आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्वन्धमा सम्वन्धित स्थानीय तहले नियमित रुपमा अनुगमन गरी चौमासिक प्रतिवेदन मन्त्रालय समक्ष समेत पेश गर्नुपर्नेछ ।

(२) समपूरक अनुदानवाट स्थानीय तहले संचालन गरेका आयोजना तथा कार्यक्रमहरुको कार्य प्रभावकारी, उपलव्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सीमाभित्र भए नभएको सम्वन्धमा आवश्यकता अनुसार मन्त्रालयले अनुगमन गर्न सक्नेछ ।

(३)[9] समपूरक अनुदानबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्न सम्बन्धित स्थानीय तहमा तपसिल बमोजिमको समिति हुनेछ ।

| | | |
|---|---|---|
| (क) | सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष | संयोजक |
| (ख) | आयोजना संचालित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) | योजना शाखाको प्राविधिक प्रमुख | सदस्य |

[8] प्रथम संशोधनद्धारा थप गरिएको ।

[9] प्रथम संशोधनद्धारा थप गरिएको ।

१५. <u>समपूरक अनुदान रोक्का हुन सक्ने:</u> (१) देहायको अवस्थामा स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदानको रकम मन्त्रालयले रोक्का गर्न सक्नेछ।

(क) स्थानीय तहले संचालित आयोजना तथा कार्यक्रमहरुको दफा १४(१) बमोजिम अनुगमन तथा प्रतिवेदन पेश नगरेमा,

(ख) तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा,

(ग) सम्पन्न भएको कार्यको तोकिए बमोजिक गुणस्तर नभएमा ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र आवश्यक विवरणहरु पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गरेमा मन्त्रालयले फुकुवा गर्न सक्नेछ ।

१६. <u>बाधा अड्काउ फुकाउने</u> : यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची - १

(कार्यविधिको दफा ७ संग सम्वन्धित)

**स्थानीय तहबाट स्वीकृत आयोजना समपूरक अनुदान कार्यक्रममा समावेश गर्न भर्नु पर्ने फाराम**

१. स्थानीय तहको नामः-

२. माग गरेको आयोजनाको नामः-

३. आयोजना स्थलः-

४. आयोजनाको किसिमः-

५. डिजाइन अध्ययन कर्ताः-

(क) परामर्शदाता (ख) स्थानीय तह स्वयम्

६. अध्ययन/डिजाइन पूरा भएको मितिः-

७. आयोजनाबाट अपेक्षित फाइदाहरुः-

(क) .............................. (ख) ..............................................

८. संचालन प्रक्रियाः-

(क) उपभोक्ता समितिबाट (ख) ठेक्कापट्टाबाट (ग) अन्य

९. आयोजनाको कूल लागतः-

(क) समपूरक अनुदानबाट माग गरेको रकमः- रु.

प्रतिशतः

(ख) लागत सहभागिताः- रु.

प्रतिशतः

(ग) सहभागितामध्ये,

(१) स्थानीय तहबाट रुः-

(२) उपभोक्ताबाट रुः-

(३) संघ, सस्था तथा अन्यबाट रुः-

१०. स्थानीय कार्यपालिकाबाट स्वीकृत मितिः-

११. स्थानीय सभाबाट स्वीकृत भएको मितिः-

१२. आयोजना सुपरिवेक्षण गर्ने प्राविधिकको नाम र दर्जाः-

१३. आयोजनाको प्रकृतिः- सालवसाली ☐ वहुवर्षीय ☐

१४. संलग्न कागजातः-

(क) स्थानीय तहको वैठकबाट आयोजना स्वीकृत गरेको निर्णयको प्रमाणित प्रतिलिपि

(ख) आयोजनाको स्वीकृत लागत अनुमान, दर विश्लेक्षण, ड्रइन डिजाइन, कार्यतालिका सहितको विवरण

(ग) स्थानीय तहबाट कम्तिमा कार्यविधिले तोकेको प्रतिशत लागत सहभागिताको प्रतिवद्धता

| आयोजना वा प्राविधिक शाखाका प्रमुख | प्रमुख प्रशासकिय अधिकृत |
| --- | --- |
| नामः- | नामः- |
| दस्तखतः- | दस्तखतः- |
| मितिः- | मितिः- |

**द्रष्टव्यः** स्थानीय तहले प्रत्येक आयोजनाका लागि यो नमुना अनुसार छुट्टाछुट्टै दरखास्त पेश गर्नु पर्नेछ ।दुई वा सोभन्दा बढी स्थानीय तहको संयुक्त साझेदारीमा संचालन हुने वा सार्वजनिक निजी साझेदारी अन्तर्गत संचालन हुने आयोजनाको साझेदारी सम्बन्धी कागजात छुट्टै संलग्न गरी पेश गर्नु पर्नेछ ।

## अनुसूची -२

(दफा १० को उपदफा (१) सँग सम्वन्धित)

**समपूरक अनुदानबाट सञ्चालित आयोजनाको प्रगति प्रतिवेदन**

१. स्थानीय तहको नाम :-

२. आयोजनाको नाम :-

३. आयोजना स्थल :-

४. लगत इस्टिमेट रकम रु. :-

५. जम्मा स्वीकृत रकम :-

(क) स्थानीय तहले व्यहोर्ने जम्मा रकम रु. :-

(ख) उपभोक्ता समितिबाट व्यहोरिने जम्मा रकम रु. :-

(ग) समपूरक अनुदानबाट स्वीकृत भएको जम्मा रकम रु. :-

६. आयोजना कार्यान्वयन प्रक्रिया :-

(क) उपभोक्ता समितिबाट (ख) ठेक्कापट्टाबाट (ग) अन्य

७. प्रगती विवरण :-

| क्र.स. | हालसम्म उपलब्ध भएको रकम | भौतिक प्रगती | | वित्तीय प्रगती | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | परिमाण | प्रतिशत | रकम | प्रतिशत | |
| | | | | | | |
| | | | | | | |

................ ..................... .....................

योजना शाखा प्रमुख आर्थिक प्रशासन शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

## अनुसुची -३

(दफा १० को उपदफा (५) सँग सम्बन्धित)

**समपूरक अनुदानबाट सञ्चालित आयोजनाको रकम निकासा फाराम**

१. स्थानीय तहको नामः

२. आयोजनाको नामः

३. आयोजना स्थलः

४.जम्मा स्वीकृत रकम रु.–

(क) समपूरक अनुदानबाट व्यहोरिने रु.ः

(ख) स्थानीय तहबाट व्यहोरिने रु.ः

(ग) उपभोक्ताबाट व्यहोरिने रु.ः

५.आयोजना कार्यान्वयन प्रक्रिया–

(क) उपभोक्ता समितिबाट (ख) ठेक्कापट्टाबाट (ग)अन्य

६. अन्य विवरण–

(क) सम्झौता भएको मितिः

(ख) काम शुरु भएको मितिः

(ग) काम सम्पन्न गर्नुपर्ने/भएको मितिः

(घ) लागत अनुमान र सम्झौता अनुसार आयोजनाको कूल लागत रु.ः

७. प्रगति प्रतिवेदन अनुसारको विवरण–

(क) आयोजनाको लागि हालसम्म उपलब्ध गराईएको रकम-

(ख) भौतिक प्रगति-

अ) परिमाणः आ) प्रतिशतः

(ग) वित्तीय प्रगति-

अ) रकम (रु.)ः आ) प्रतिशतः

८. किस्ता सम्बन्धी विवरण-

(क) समपूरक अनुदानबाट व्यहोरिने जम्मा रकम रु.ः

(ख) समपूरक अनुदानबाट पहिलो किस्ता वापत निकासा हुनु पर्ने/भएको रकम रु.ः

(ग) समपूरक अनुदानबाट दोश्रो किस्ता वापत निकासा हुनु पर्ने /भएको रकम रु.ः

(घ) समपूरक अनुदानबाट तेस्रो तथा अन्तिम किस्ता वापत निकासा हुनु पर्ने रकम रु.: स्थानीय तहबाट प्राप्त किस्ता निकासा माग फाराम अनुसारको उपर्युक्त विवरणको आधारमा पहिलो किस्ता /दोस्रो/अन्तिम किस्ता वापत रु........................ (अक्षरुपी. ..............................।) निकासा हुन पेश गर्दछु ।

| | | |
|---|---|---|
| ............... | ........................ | .................... |
| (पेश गर्ने) | (सिफारिश गर्ने) | (स्वीकृत गर्ने) |
| शाखा अधिकृत | महाशाखा प्रमुख | सचिव |

<u>नोटः</u> प्रथम किस्ताको रकम निकासा गर्दा यो अनुसूची आवश्यक पर्ने छैन ।